जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

मिति-२०७५ फागुन १७ गते

**शोक वक्तव्य**

ताप्लेजुङको फुङलिङस्थित सिस्ने भिरमा गत फागुन १५ गते हेलिकप्टर दुर्घटनामा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र अधिकारी, पर्यटन व्यवसायी आङछिरिङ शेर्पा, नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक वीरेन्द्रप्रसाद श्रेष्ठ, नेपाल नागरिक उड्डयन प्राधिकरणका निर्देशक ध्रुवदास भोछिभया, प्रधानमन्त्री कार्यालयका उपसचिव युवराज दाहाल, हेलिकप्टरका चालक प्रभाकर केसी र मन्त्रीका अंगरक्षक नेपाली सेनाका जमदार अर्जुन घिमिरेको निधन भएको घटनाले हामीलाई दु:खी तुल्याएको छ ।

शोकको यस घडीमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं । मन्त्री अधिकारी, पर्यटन व्यवसायी शेर्पा लगायतको निधनले नेपालको विकास तथा पर्यटनका क्षेत्रमा अपूरणीय क्षति पुगेको छ । नेपाली समाजमा गर्नुभएको योगदानका कारण उहाँहरूको स्मरण युगौंसम्म हुनेछ ।

विजयराज गौतम
कार्यकारी निर्देशक

मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन न.पा.-१०, (नीलो घर), स्यूचाटार, काठमाडौं
पोष्ट बक्स नं. २७२६, काठमाडौं, नेपाल, फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
Email: insec@insec.org.np Website: www.insec.org.np, www.inseconline.org